# आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका

२०७३

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौँ

# आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३

(आयोगबाट स्वीकृत मिति–2073/07/08)

**प्रस्तावनाः**सत्य निरुपण तथा मेलमिलाप आयोगले द्वन्द्वकालका मानव अधिकारका गम्भीर घटनाहरुका विषयमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ दफा १३ (६) (क) मा पीडित र निजको तर्फबाट उजूरी लिने व्यवस्था भएको र उक्त ऐनको दफा १३ (६) (ख) र (ग) मा आयोगलाई कुनै श्रोतबाट जानकारी प्राप्त भएमा र आयोगले छानविन गर्न उपयुक्त सम्झेमा समेत छानविन गर्नु पर्ने व्यवस्था भएकोले उक्त कानूनी व्यवस्थाको कार्यान्वयनको लागि छानविन निर्देशिका बनाई लागू गर्न वाञ्छनिय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम यो निर्देशिका बनाई जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

(क) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ख) "निर्देशिका" भन्नाले आयोगलाई प्राप्त जानकारी वा अन्य उपयुक्त विषयमा छानविन गर्ने निर्देशिका, २०७३सम्झनु पर्छ ।

(ग) "कुनै स्रोत" भन्नाले आयोगको क्षेत्राधिकारभित्र पर्ने विषयमा देहायका कुनै श्रोतबाट प्राप्त जानकारी सम्झनु पर्छः-

(१) कुनै सरकारी निकायले प्रकाशन गरेको बार्षिक प्रतिवेदन, बुलेटिन वा अन्य पत्रपत्रिकामा प्रकासित वा संचार माध्यममा प्रसारित समाचार, सूचना,

(२) कुनै सरकारी वा गैर सरकारी निकाय, संघ, संस्था, स्थानीय निकायका प्रतिनिधि वा व्यक्तिबाट प्राप्त पत्र, प्रतिवेदन, निर्णय, सूचना वा अन्य कुनै माध्यमबाट जानकारी दिएको विषय,

(३) पीडित वा निजको तर्फबाट आयोग समक्ष उजूरी दिन विविधकारणले असमर्थहरुका लागि घटनाको जानकारी हुने व्यक्ति, निकाय,संघ, संस्था वा स्थानीय निकायका प्रतिनिधिले उपलब्ध गराएको जानकारी वा सूचना,

(४) उजूरी छानविनको क्रममा आयोग समक्ष बयान, कागज वा बकपत्र दिंदाको क्रममा व्यक्त व्यहोराको आधारमा वुझ्नु पर्ने विषय,

(५) आयोगले आफ्ना कर्मचारीवा अन्य कुनै कार्यालय मार्फत सत्य तथ्य बुझ्न लगाई प्राप्त हुनआएको सूचना, जानकारी वा प्रतिवेदन,

३. **<u>सूचना वा जानकारी संकलन गर्नेः</u>** (१) आयोगले मानव अधिकारको गम्भीर उलङ्घनको घटना छानविन गर्ने सिलसिलामा दफा २ को खण्ड (ग) बमोजिम प्राप्त सूचना वा जानकारीको श्रोत र मिति एकिन गरी त्यस्तो सूचना वा जानकारी संकलन गरी अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलित सूचना वा जानकारीको सत्यता एकिन गर्न आयोगले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमितिले त्यस्तो सूचना वा जानकारीको सत्यताको बारेमा एकिन गरेपछि त्यस्तो सूचना वा जानकारीलाई आयोगले ग्रहण गर्नु पर्ने भन्ने लागेमा उपसमितिले आयोग समक्ष त्यस्तो सूचना वा जानकारीको आधिकारिकता सहित पेश गर्नु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विषयमा एकभन्दा बढीमाध्यमबाट सूचना वा जानकारी प्राप्त भएमा सबै सूचना वा जानकारीलाई एकीकृत गरी कारवाही गरिनेछ ।

(५) यस दफा बमोजिम आयोग समक्ष पेश भएको सूचना वा जानकारीलाई दर्ता गरी आयोगले छानविन प्रकृयाका सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

४. **आयोगको निर्णय बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित कुनै विषयका सम्वन्धमा कुनै द्विविधा भएमा आयोगको निर्णय बमोजिम हुनेछ ।

# सत्य निरुपण तथा मेलमिलाप आयोग
# एक परिचय

१. **<u>सत्य निरुपण तथा मेलमिलाप आयोग गठन</u>**

नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिवद्धता अनुसार व्यवस्थापिका संसदले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक, २०७१ पारित गरेपश्चात आयोग गठनको प्रक्रिया अगाडि बढेको हो । आयोगका पदाधिकारीहरुको नियुक्तिको लागि नेपाल सरकारले पूर्वप्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिको सिफारिस बमोजिम मन्त्रिपरिषद्बाट २०७१ साल माघ २७ गते अध्यक्ष तथा दुई महिलासहित पाँच जना पदाधिकारी सम्मिलित सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

२. **<u>आयोगको उद्देश्यहरुः</u>**

आयोगका प्रमुख उद्देश्यहरु यसप्रकारका छन्ः–

- मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित र पीडक एकिन गर्ने तथा गम्भीर अपराधमा सलग्न पीडकलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने,
- पीडितलाई परिचयपत्र उपलब्ध गराउने र परिपूरणको लागि सिफारिस गर्ने,
- समाजमा शान्ति र मेलमिलापको वातावरण बनाउने,
- भविष्यमा द्वन्द्व दोहोरिन नदिन चाल्नुपर्ने कदमहरु पहिचान गरी सिफारिस गर्ने,

- शान्ति प्रकृियालाई सफलतापूर्वक टुङ्ग्याउन सहयोग गर्ने,

३. **<u>आयोगका कार्यहरुः</u>**

आयोगका प्रमुख कार्यहरु यसप्रकारका छन्ः–

(क) <u>सत्य निरुपण सम्बन्धी कार्यः</u>

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुमा पीडित वा निजको तर्फबाट आयोगमा उजुरी परेमा वा आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भई आयोगले छानविन गर्न उपयुक्त सम्झेका त्यस्ता घटनाका सम्बन्धमा छानविन, सत्य अन्वेषण तथा अभिलेख नगरी सत्य निरुपण सम्बन्धी कार्य गर्दछ । आयोगले आवश्यकता अनुसार सार्वजनिक सुनुवाई र अन्य अनुसन्धानका विधिहरु प्रयोग गरी सत्य तथ्य जनसमक्ष ल्याउँछ । आयोगले त्यस्ता घटनाहरुका सम्बन्धमा छानविन गर्दा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्छ ।

(ख) <u>कानूनी कारवाहीका लागि सिफारिसः</u>

कानुनी कारवाही सङ्क्रमणकालीन न्यायको एउटा महत्त्वपूर्ण पक्ष हो ।आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरु जस्तैः बलात्कार, यौनजन्य हिंसा र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकहरुलाई कानूनी कारवाहीको लागि सिफारिस गर्दछ ।

(ग) <u>मेलमिलाप सम्बन्धी कार्यः</u>

पीडक वा पीडितले मेलमिलापको लागि आयोगमा निवेदन दिएमा आयोगले पीडित र पीडकबीच मेलमिलाप गराउन सक्छ । तर पीडकले मेलमिलापको लागि निवेदन दिएको अवस्थामा पीडितको सहमति अनिवार्य लिनुपर्नेछ । मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितलाई हुनगएको क्षतिवापत पीडकबाट मनासिव क्षतिपूर्ति भराउन सक्छ । मेलमिलाप गराउने सम्बन्धमा पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा मेलमिलाप समारोह आयोजना गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल

निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउने, मेलमिलाप सम्बन्धी विभिन्न लेख रचना, निबन्ध, गीत, चित्र प्रकाशन गर्न लगाउने व्यवस्था समेत गर्न सक्छ ।

(घ) परिपूरणको लागि सिफारिसः

परिपूरणबाट पीडित वा निजका परिवारलाई क्षतिपूर्ति र राहत प्रदान गर्ने, पुनरुद्धार र समाजमा पुनर्स्थापना गर्ने तथा पीडितको सन्तुष्टि सम्बोधन गर्ने जस्ता बिषयहरु पर्दछन् । आयोगले पीडितको इच्छा वा माग बुझी निःशुल्क शिक्षा वा स्वास्थ्योपचार, सीपमूलक तालिम, बिनाव्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा तथा आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्छ । साथै कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति फिर्ता गराउने तथा सो सम्पत्तिको वास्तविक क्षति यकिन गरी मनासिव क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(ङ) क्षमादानको लागि सिफारिसः

आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई क्षमादानको लागि सिफारिस गर्दैन । गम्भीर प्रकृतिका बाहेक अन्य अपराधमा संलग्न पीडकहरुलाई क्षमादानको लागि आयोगले सिफारिस गर्न सक्छ । यसरी सिफारिस गर्दा सशस्त्र द्वन्द्वको क्रममा आफूबाट गलत काम भएको कुरा स्वीकार गरेको, गल्तीको पश्चाताप गरेको, भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरेको, पीडितसँग चित्त बुझ्दो ढंगले क्षमायाचना गरेको, क्षमादान सम्बन्धमा पीडितले सहमति दिएको तथा घटनाको गम्भीरता समेत आयोगले विचार गर्नेछ ।

(च) नीतिगत तथा संरचनागत सुधारको लागि सिफारिसः

भविष्यमा सशस्त्र द्वन्द्व नदोहोरिनका लागि नेपाल सरकारले अवलम्वन गर्नुपर्ने नीतिगत, संरचनागत, संस्थागत, कानूनी,

प्रशासनिक र ब्यवहारिक सुधारका विषयहरु बारे आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्छ ।

(छ) <u>अन्य कार्यः</u>

आयोगमा बयान, वकपत्र वा जानकारी दिन उपस्थित भएको ब्यक्तिले आउँदा, जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्चमा गरेमा आयोगले त्यस्तो खर्च उपलब्ध गराउँछ भने त्यस्ता ब्यक्तिले आफ्नो र आफ्नो परिवारका सदस्यहरुको सुरक्षाको लागि अनुरोध गरेमा वा आयोगले सुरक्षा दिन आवश्यक ठानेमा नेपाल सरकारको सहयोग लिई सुरक्षाको लागि उचित ब्यवस्था गर्दछ । त्यसैगरी आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन र अवहेलना भएको ठहराएमा पन्ध्र हजारसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्दछ ।

(ज) <u>आयोगको प्रतिवेदन कार्यान्वयनः</u>

आयोगले दिएको अन्तरिम प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने गराउने जिम्मेवारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई दिइएको छ । आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई दिइएको छ । यसबाट यस आयोगका सिफारिसहरु प्रभावकारीरुपमा कार्यान्वयन हुनेछ ।

# संक्षिप्त जानकारी

१. **<u>सत्य निरुपण भनेको केहो ?</u>**

सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुको अनुसन्धान छुट्टै बिशेष संयन्त्रबाट गर्न उपयुक्त हुने भएकोले विशेष संयन्त्रबाट त्यस्तो घटनाहरुको छानविन गरी दोषी र पीडित को को हुन् र घटनाको वास्तविक सत्य तथ्य पत्ता लगाउने कार्य हो ।

२. **<u>सशस्त्र द्वन्द्व भन्नाले के बुझिन्छ ?</u>**

सशस्त्र द्वन्द्व भन्नाले सम्बत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच भएको सशस्त्र द्वन्द्व भन्ने बुझिन्छ ।

३. **<u>मानव अधिकार भनेको केहो ?</u>**

मानवलाई मानवीय मूल्य र मर्यादाका साथ मानव भएर बाँच्नका लागि नभई नहुने न्यूनतम आधारभूत अधिकारहरुको संग्रह नै मानव अधिकार हो ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मानव अधिकारहरुलाई मौलिक हकको रुपमा ब्यवस्था गरिएको छ ।

४. **<u>नेपालमा सत्य निरुपण तथा मेलमिलाप आयोग (आयोग) गठन गर्नुपर्ने अवस्था किन सृजना भयो ?</u>**

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना र त्यस्तो घटनामा संलग्न ब्यक्तिहरुको बारेमा वास्तविक सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्न, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरण (क्षतिपूर्ति समेत) को ब्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओबादीबीच भएको बिस्तृत शान्ति संझौताको बुँदा नं ५.२.५ को आधारमा बेपत्ता

पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोग गठन भएको हो ।

५. **<u>यस आयोगको गठन कहिले भयो ?</u>**

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०७१ साल माघ २७ गते यस आयोगको गठन भएको हो ।

६. **<u>आयोगले कहिलेदेखि कहिलेसम्मका घटनाको छानविन गर्छ ?</u>**

आयोगले २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाको मात्र छानविन गर्छ ।

७. **<u>पीडक भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडक भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न व्यक्ति र त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई बुझिन्छ ।

८. **<u>पीडित भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडित भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मृत्यु भएको, अपहरण तथा शरीर बन्धक बनाईएको वा शारीरिक वा मानसिक यातना, यौनजन्य वा आर्थिकरुपमा हानीनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य समेतलाई बुझिन्छ । साथै, सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मानवीय, सामाजिक वा सामुदायिकरुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

९. **<u>आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन कसरी गर्छ ?</u>**

आयोगले तल उल्लेख भए बमोजिमका आधारमा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गर्छः

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,

(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,

(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा ।

१०. **<u>आयोगले सत्य तथ्य कसरी पत्ता लगाउँछ ?</u>**

(क) आयोगले पीडितले उपलब्ध गराएको प्रमाणको विश्लेषणको माध्यमबाट

(ख) स्थलगत अध्ययनको माध्यमबाट

(ग) बयान र साक्षी बकपत्रको माध्यमबाट

(घ) सार्वजनिक सुनुवाईको माध्यमबाट

**११. "परिपूरण" भनेको के हो र आयोगको परिपूरण गर्दा के भूमिका हुन्छ ?**

परिपूरणभित्र पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत आदि कुरा पर्छन् । आयोगले तल उल्लिखित कुराहरु उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्छः

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋणसुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत ।

**१२. पीडितको परिवारका सदस्यमा को को पर्छन् ?**

पीडितको परिवारमा पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजुभाइ वा दिदीबहिनी पर्छन् ।

**१३. आयोगले कसरी पीडक र पीडितबीच मेलमिलाप गराउन सक्छ ?**

पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा ऐनबमोजिम आयोगले पीडक र पीडितबीच एकआपसमा मेलमिलाप गराउन सक्छ । पीडक र पीडितबीच मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनुका साथै पीडितलाई हुनगएको क्षतिवापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन समेत सक्छ ।

मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्छः–

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्रआदि प्रकाश नगर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न ।

१४. **<u>आयोगको सिफारिस कार्यान्वय नभए नभएको कसले अनुगमन गर्छ ?</u>**

आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य राष्ट्रियमा नवअधिकार आयोगले गर्छ ।

१५. **<u>पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने अवस्थामा के कसरी उपस्थित गराउन सकिन्छ ?</u>**

पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने भए मानिसहरुको आउने जाने यातायात खर्च र खाने बस्ने व्यवस्था आयोगले गर्नेछ ।

*